म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## म्याग्दे गाउँपालिका क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ (ढुंङ्गा, गिट्टी, वालुवा आदि) उत्खनन् तथा विक्री सम्वन्धी गोप्य सिलवन्दी वोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०५।३०

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान ( दफा ११ र ६४ ) एवं म्याग्दे गाउँ कार्यपालिकाको निर्णय बमोजिम आ. व. २०७५।०७६ का लागि यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमवाट बढावढ हुने गरी म्याग्दे गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने देहायका शीर्षकहरुमा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले यस सम्वन्धी कार्यको ठेक्का लिन चाहने ब्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु. अ. क. दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७३।०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु पेश गरी रितपूर्वक गोप्य शिलवन्दी वोलपत्र आह्वान गरिएको छ।

नदीजन्य पदार्थ विक्री तथा उत्खनन कर :

| सि. नं. | ठेक्का नं. | नदि घाट किनारा | वडा नं. | उत्खनन परिमाण ( घ. मि. ) | न्यूनतम अङ्ग ( कर वाहेक ) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | वोलपत्र खरिद गर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | आ. आ. १-२०७५/०७६ | म्याग्दे दोभान / सेती नदी वायाँ किनारा | ५ | १५६१.६६ | २,०४,०४९.३१ ( अक्षेरुपी दुई लाख चार हजार उन्नपचास रुपैया एकतीस पैसा मात्र ।) | १,000.00 ( एक हजार रुपैया मात्र ) | कवोल अङ्कको कम्तिमा पाँच प्रतिशत | ३० दिन भित्र |
| २ | आ. आ. २-२०७५/०७६ | फुलवारी थाङदी | ५ | ५६५०.०० | ७,५८,१९१.५८ (सात लाख अन्ठाउन्न हजार एक सय एकानब्वे रुपैया अन्ठाउन्न पैसा मात्र ।) | १,000.00 ( एक हजार रुपैया मात्र ) | | |
| ३ | आ. आ. ३-२०७५/०७६ | भागर | ५ | ४०१८.२८ | ५,४६,३२०.९३ ( पाँच लाख छयालीस हजार तीन सय विस रुपैया त्रियानब्वे पैसा मात्र । ) | १,000.00 ( एक हजार रुपैया मात्र ) | | |
| ४ | आ. आ. ४-२०७५/०७६ | बुढो दोभान | ५ | ८७०.१० | १,१९,८३४.१७ ( एक लाख उन्नाइस हजार आठ सय चौतीस रुपैया सत्र पैसा मात्र । ) | १,000.00 ( एक हजार रुपैया मात्र ) | | |
| ५ | आ. आ. ५-२०७५/०७६ | झकास फुलवारी माथिल्लो | ५ | ५८६०.१८ | ७,६५,७०१.६७ ( सात लाख पैसठी हजार सात सय एक रुपैया सत्सठ्ठी पैसा मात्र । ) | १,000.00 ( एक हजार रुपैया मात्र ) | | |
| ६ | आ. आ. ६-२०७५/०७६ | झकास फुलवारी तल्लो | ५ | १५६१.६६ | २,०४,०४९.३१ ( दुई लाख चार हजार उन्नपचास रुपैया एकतीस पैसा मात्र । ) | १,000.00 ( एक हजार रुपैया मात्र ) | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | आ. आ. ७-२०७५/०७६ | चोकेटार | ४ | ६६९६.३८ | ८,९८,६०८.६६ ( आठ लाख अन्ठानब्बे हजार छ सय आठ रुपैया छैसठी पैसा मात्र । ) | १,०००.०० ( एक हजार रुपैया मात्र ) | | |
| ८ | आ. आ. ८-२०७५/०७६ | कुडुले | ४ | ५५७९.९४ | ७,४८,७९०.०० ( सात लाख अठचालीस हजार सात सय नब्बे रुपैया मात्र । | १,०००.०० ( एक हजार रुपैया मात्र ) | | |
| ९ | आ. आ. ९-२०७५/०७६ | घुमौनी | ४ | २९२८.९६ | ३,८७,८७४.८५ ( तीन लाख सतासी हजार आठ सय चौरहत्तर रुपैया पचासी पैसा मात्र । ) | १,०००.०० ( एक हजार रुपैया मात्र ) | | |
| १० | आ. आ. १०-२०७५/०७६ | झिरलौदी | ३ | ४१८५.५२ | ५,७६,४४९.०७ ( पाँच लाख छयत्तर हजार चार सय उन्नपचास रुपैया सात पैसा मात्र । ) | १,०००.०० ( एक हजार रुपैया मात्र ) | | |
| ११ | आ. आ. ११-२०७५/०७६ | जिमकोट घाट | ४ | ५५७९.९४ | ७,४८,७९०.०० ( सात लाख अठचालीस हजार सात सय नब्बे रुपैया मात्र । | १,०००.०० ( एक हजार रुपैया मात्र ) | | |
| १२ | आ. आ. १२-२०७५/०७६ | टुनीबोट | २ | ६८३६.५० | ९,४१,५५४.२३ ( नौ लाख एकचालीस हजार पाँच सय चवन्न रुपैया तेइस पैसा मात्र । ) | १,०००.०० ( एक हजार रुपैया मात्र ) | | |

१. यस गाउँपालिकावाट उत्खनन् हुने नदीजन्य पदार्थको आन्तरिक बिक्रि दर रेट वालुवा प्रति घ.मि. रु. १०५.९४ र ढुंगा, गिट्टि, रोडा, गेग्रानको रु. १४१.२६ (कर वाहेक) रहेको छ ।

**बोलपत्र सम्बन्धी शर्तहरुः-**

- वोलपत्र फारम २०७५।०६।२८ गते सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर भुक्तान गरी यस कार्यालयको राजस्व शाखावाट खरिद गर्न सकिनेछ । यस कार्यालयवाट खरिद भएका वोलपत्र २०७५।०६।२९ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- उल्लेखित ठेक्काहरुको ठेक्का अवधि २०७५ कार्तिक महिनाको सम्झौता मिति देखी २०७६ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।
- यस कार्यालयवाट प्रमाणित भएको वोलपत्र फाराम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्न सकिनेछ ।
- वोलपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकताको प्रमाण-पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि नेपाली नागरिकको हकमा ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी वैंक लिमिटेड, थर्पुमा रहेको च.हि.नं ग. ३ : ०७८११०००५५५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको लागि वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।
- वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।

- बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले ठेक्का संझौता गर्न आउदा सम्झौता रकमको स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको लक्ष्मी बैंक लिमिटेड, थर्पुमा रहेको च.हि.नं ग. ३ : ०७८११०००५५५ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । एक मुष्ठ भुक्तानी गरिएकोमा बैक धरौटी पेश गर्नुपर्नेछैन ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- स्वीकृत ठेक्का अङ्कलाई (तीन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% दोश्रो किस्ता २५% र अन्तिम किस्ता २५% गरी ३ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । किस्ता अनुसार १.५ प्रतिसत अग्रिम आयकर र १३ प्रतिशत मुल्य अभिबृद्धि कर समेत जोडि कार्यालयमा रकम वुझाउनु पर्नेछ ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा औचित्य हेरी बढिमा १०% सम्म छुट दिन सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ । असूल गर्न वाँकी रकममा १०% थप क्षतिपूर्ति समेत जोडी सरकारी वाँकी सरह असूल उपर गरिनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम २०७५/०७६ को करचुक्ता पेश गरेपछि फिर्ता दिइने छ ।
- वोलपत्र दाताले ढुङ्गा, गिट्टी, वालुवा, आन्तरिक विक्रि गर्दा उक्त आ.व. को लागि गाउँ कार्यपालिकाले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन । उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- वोलपत्र दाताले मासिक रुपमा आफुले उत्खनन् गरेको परिमाणको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- प्रदेश सरकारको ढुंङ्गा, गिट्टी, वालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग र विक्रिवितरण तथा क्रसर उधोग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी, २०७५ पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
- प्रि-विड मिटिङ्ग २०७५।०६।१८ गते दिनको १:०० वजे यस कार्यालयमा गरिने छ ।
- जिल्ला समन्वय समिति, तनहुँद्धारा स्वीकृत आई. ई. ई. प्रतिवेदनमा उल्लेख भएका वुँदाहरुको पालना गर्नुपर्नेछ ।
- यस सूचना र वोलपत्र फाराममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा, कार्यालय समय भित्र फोन नं. ०६५-४००१०८ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ ।